# स्थानीय राजपत्र

**दोधारा चाँदनी नगरपालिकाद्वारा प्रकाशित**

खण्ड : ७, संख्या : १, असार २६ गते, २०८० साल

**भाग-१**

## दोधारा चांदनी नगरपालिकाको **विनियोजन ऐन २०८०**

**<u>प्रस्तावना</u>: दोधारा चादनी** नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम दोधारा चादनी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "दोधारा चाँदनी नगरपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु ६९३५५६०००।-** (उनानसत्तरी करोड पैतीस लाख छपन्न हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त दोधारा चादनी नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।



तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | शीर्षकको नाम | चालुखर्च | पूँजिगतखर्च | जम्मा |
|---|---|---|---|---|
| १ | ३ | ४ | ५ | ७ |
| १ | नगर कार्यपालिका | १५१६८६७०० पन्ध्र करोड सोह्र लाख छयासी हजार सात सय | ३४०८६९३०० चौतीस करोड आठ लाख उनानसत्तरी हजार तीन सय | ४९२५५६००० उनपचास करोड पच्चीस लाख छपन्न हजार |
| २ | सामाजिक सुरक्षा | २०१०००००० वीस करोड दश लाख | | २०१०००००० वीस करोड दश लाख |
| जम्मा | | ३५२६८६७०० पैतीस करोड छब्वीस लाख छयासी हजार सात सय | ३४०८६९३०० चौतीस करोड आठ लाख उनानसत्तरी हजार तीन सय | ६९३५५६००० उनानसत्तरी करोड पैतीस लाख छपन्न हजार |

नगर सभा बाट स्विकृत मिति २०८०।०३।१०

आज्ञाले

गणेश दत्त मिश्र

प्रमुख प्रशासकीय अधिकृत